आज मिति २०७७ असोज २५ गते आइतबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| १. श्री निमबहादुर के.सी. | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपाध्यक्ष |
| ३. श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्ली वहादुर के सी | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री राम वहादुर के सी | सदस्य |
| ९. श्री दुर्गा वहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११.श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |

**प्रस्तावहरु**

१.कृषि विकास समिति गठन सम्बन्धमा ।

२. क्लस्टर अनुमोदन सम्बन्धमा ।

**निर्णयहरु**

Shagun

**नि. नं. १- प्रस्ताव नं. १** मा छलफल गर्दा नेपालको संविधान २०७२ को अनुसूची ८ एवं स्थानीय सरकार संचाललन ऐन २०७४ परिच्छेद ३ को दफा १४ मा भएको व्यवस्था बमोजिम कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्ने व्यवस्था अनुरुप दफा ११ को (ण) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी (द) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण गरी कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि व्यवसायीकरण र कृषि उद्धमशीलताको विकास गरी स्थानीय स्तरमा नै रोजगारीका अवसरहरुको सृजना गर्ने उद्देश्य पूरा गर्नका लागी कृषि विकासको संस्थागत संरचना आवश्यक देखिन्छ । त्यसैले ऐनको दफा १४ अनुसार गाउँपालिकाले कृषि विकासका गतिविधिलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि आर्थिक विकास समिति संयोजक श्री दुर्गाबहादुर मल्ल ज्यूको संयोजकत्वमा कृषि विकास समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| १. आर्थिक विकास समिति संयोजक | श्री दुर्गाबहादुर मल्ल | संयोजक |
| २. कार्यपालिकाले तोकेको महिला सदस्य | श्री देबी खत्री | सदस्य |
| ३. कार्यपालिकाले तोकेको दलित सदस्य | श्री शान्ताराम कामी | सदस्य |
| ४. योजना शाखाका प्रमुख | श्री नेमबहादुर खत्री | सदस्य |
| ५. गाउँ/नगरपालिकाका उद्योग वाणिज्य संघ, कृषि उद्यमी, व्यवसायी, एग्रोभेटका प्रतिनिधि | श्री गणेश वली | सदस्य |
| ६. गाउँपालिकाका वित्तिय एवं कृषि सहकारी संस्थाका महिला प्रतिनिधि | श्री हरिकला मल्ल | सदस्य |
| ७. गाउँपालिका भित्रका कृषक अगुवा मध्येबाट मनोनयन भएका एक कृषक प्रतिनिधि | श्री रत्नबहादुर वली | सदस्य |
| ८. गाउँपालिका भित्रका कृषक अगुवा मध्येबाट मनोनयन भएका महिला कृषक प्रतिनिधि | श्री चम्फा खडका | सदस्य |
| ९. पशु सेवा शाखाका प्रमुख | हस्तराम खडका | सदस्य सचिव |

**आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा विषयविज्ञहरु आमन्त्रण गर्न सकिनेछ**

**नि.नं. २- प्रस्ताव नं. २ मा** छलफल गर्दा कृषि क्षेत्र विकास कार्यक्रमको मिति २०७७/०६/२४ गतेको अभिमुखीकरण गोष्ठिले निर्धारण गरेका मूल्य श्रृङखलाका वाली बस्तु र ति वाली बस्तुको उत्पादन क्लस्टर अनुमोदन गर्ने निर्णय गरियो ।